**बैठक संख्याः- १४ (चौधौं)**

आज मिति २०८३ साल असार २६ गतेका दिन गाउँपालिकाका अध्यक्ष श्री अशोक कुमार कार्की ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २. | वडाध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ३. | वडाध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकी | |
| ४. | वडाध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ५. | वडाध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ६. | वडाध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ७. | वडाध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ८. | वडाध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ | |
| ९. | वडाध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| १०. | वडाध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| ११. | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १२. | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १३. | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १४. | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १५. | कार्यपालिका सदस्य | श्री अम्बिका बिश्वकर्मा | |
| १६. | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १७. | सदस्य सचिव | श्री अर्जुन कुमार राउत | |

**सहायक कर्मचारीहरुः**

श्री श्री रवि कटवाल

**<u>बैठक संख्या: १४</u>**

**क. मिति: २०८३/०३/२६ गते शुक्रबार**
**ख. विहान: १०:०० बजे**

---

**क) प्रस्तावित  विषयहरु:**

१. कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयन समीक्षा तथा प्रभावकारिता सम्बन्धमा,

२. आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट संशोधन तथा थपघट सम्बन्धमा,

३. कर्मचारी तह वृद्धि सिफारिस समिति पुन:गठन सम्बन्धमा,

४. स्थानीय सिंचाइ विधेयक स्वीकृती र बिसौँ गाउँसभामा पेश गर्ने सम्बन्धमा,

५. LISA प्राप्ताङ्क सार्वजनिक गरी गाउँसभामा पेश गर्ने सम्बन्धमा,

६. विविध समसामयिक विषयका सम्बन्धमा।

**निर्णयहरुः-**

**१. निर्णय नं. १,**

प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा, विगतका कार्यपालिका बैठकका निर्णयहरू क्रमश: प्रभावकारी रूपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई थप सबल र परिणाममुखी बनाउन सरोकारवाला पक्षहरू बिच आवश्यक समन्वय गरी कार्यान्वयन प्रक्रिया अघि बढाउने सर्वसम्मत निर्णय गरियो।

**२. निर्णय नं. २,**

यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट मिति २०८३ असार १० गतेको गाउँ सभामा पेस भई छलफलको क्रममा रहेकोमा, **आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालित** कतिपय योजना तथा कार्यक्रमहरू बजेट अभावका कारण भुक्तानी हुन नसकी दायित्व सर्न गएको देखियो।

उक्त सिर्जित दायित्व रु. ३०,००,०००।– (अक्षरेपी तिस लाख मात्र) भुक्तानी नगरी नयाँ आर्थिक वर्षमा जाँदा कानूनी र व्यावहारिक कठिनाइ हुने तथा वित्तीय अनुशासन कायम गर्न समेत आवश्यक देखिएकोले, बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भई आएबमोजिम **आर्थिक वर्ष २०८२/०८३ का बक्यौता/क्रमागत योजनाहरू भुक्तानी गर्ने व्यय शीर्षकमा** समावेश गर्ने गरी बजेटको कुल आकार संशोधन गर्ने प्रस्तावलाई गाउँ सभामा स्वीकृतिका लागि पेस गर्ने निर्णय गरियो।

**दायित्व थप भएका योजनाहरुः**

| क्र.सं. | योजना/कार्यक्रमको नाम | वडा नं. | भुक्तानी बाँकी रकम (रु.) |
|---|---|---|---|
| १ | स्थानीय सडक मर्मत आयोजना लिखु ८ | ८ | २५०००० |
| २ | जनजाती सेवा समाज जग्गा खरिद योजना लिखु ८ | ८ | ४५०००० |
| ३ | समावेशी सशक्तिकरण आयोजना लिखु ७ | ७ | १४०००० |
| ४ | सामुहिक आर्यघाट सडक निर्माण आयोजना लिखु ६ | ६ | २८०००० |
| ५ | वृक्षारोपण कार्यक्रम | पालिका | ३००००० |
| ६ | कोलचौर आँपडाडा कुवापानी खोला सडक लिखु २ | २ | ४९०००० |
| ७ | ग्यास खरिद योजना लिखु २ | २ | ८०००० |
| ८ | विद्युत पोल तथा तार ढुवानी लिखु २ | २ | ६०००० |
| ९ | गुरुङटोल वाटो निर्माण लिखु ७ | ७ | ५०००० |
| १० | सिंचाई कुलो मर्मत योजना लिखु ४ | ४ | ७५००० |
| ११ | लिखु गा.पा. वडा नं २ हुँदै बाघखोर च्युरीडाडा सडक मर्मत योजना | २ | १४४४०० |
| १२ | मुलाबारी खानेपानी लिखु गा.पा. वडा नं ०८ मर्मत योजना | ८ | ५०००० |
| १३ | सार्वजनिक सुनुवाई कार्यक्रम | पालिका | २००००० |
| १४ | आ. व. २०८१/०८२ मा म्याद थप भएका योजनाहरुको भुक्तानी बाँकी | पालिका | २११८५९ |
| १५ | इन्धन भुक्तानी बाँकी दायित्व | पालिका | २१८७४१ |
| **जम्मा** | | | **३००००००** |

**३. निर्णय नं. ३,**

प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा (४) मा भएको कानुनी प्रावधान बमोजिम योग्यता पुगेका कर्मचारीहरूको नियमानुसार तह वृद्धिको सिफारिस गर्ने कार्यलाई प्रभावकारी रूपमा सम्पादन गर्न पूर्वगठित समितिलाई पुनःगठन गर्न आवश्यक देखिएकाले देहाय बमोजिमको **तह वृद्धि सिफारिस समिति** पुनःगठन गर्ने निर्णय गरियो:

१. संयोजक – श्री अर्जुन कुमार राउत (प्रमुख प्रशासकीय अधिकृत)
२. सदस्य – श्री रचना मैनाली (शिक्षा अधिकृत आठौ)
३. सदस्य – श्री चेतन लामिछाने (कृषि प्रसार अधिकृत सातौ)

**४. निर्णय नं. ४,**

प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिका क्षेत्रभित्र सिंचाई प्रणालीको निर्माण, मर्मत-सम्भार, जलस्रोतको समुचित उपयोग, व्यवस्थापन तथा किसानहरूलाई व्यवस्थित सिंचाई सुविधा उपलब्ध गराउने उद्देश्यले तयार पारिएको स्थानीय सिंचाई विधेयक, २०८२ को मस्यौदामाथि कार्यपालिका बैठकमा दफावार छलफल गरियो। नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाउँपालिकाको अधिकार क्षेत्रभित्र रही तयार पारिएको स्थानीय सिंचाई विधेयक, २०८२ को मस्यौदालाई गाउँ कार्यपालिका बैठकबाट स्वीकृत गरी आगामी बीसौँ गाउँसभाको बैठकमा स्वीकृतिका लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**५. निर्णय नं. ५,**

प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट निर्धारित ढाँचा, सूचक तथा प्रणाली अनुसार लिखु गाउँपालिकाको शासकीय प्रबन्ध, सङ्गठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय तथा आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, लिङ्ग आधारित बजेट, र सहकार्य तथा समन्वय लगायतका १० वटा विषयगत क्षेत्रहरूमा गरिएको स्वमूल्याङ्कन अनुसार आर्थिक वर्ष २०८०/०८१ मा लिखु गाउँपालिकाले कुल ७९.५ (उनासी दशमलव पाँच) अङ्क प्राप्त गरेको विवरण कार्यपालिका बैठकमा पेश गरियो।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म बमोजिम संस्थागत सुशासन, पारदर्शीता र जवाफदेहिता प्रवर्धन गर्ने उद्देश्यले गाउँपालिकाले प्राप्त गरेको उक्त ७९.५ प्राप्ताङ्क सर्वसाधारणको जानकारीका लागि आधिकारिक वेबसाइट तथा सूचना पाटी मार्फत सार्वजनिक गर्ने र स्वीकृतिका साथै जानकारीका लागि आगामी बीसौँ गाउँ सभाको बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**६. निर्णय नं. ६,**

प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिका कार्यपालिकाको आगामी बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मत निर्णय गरियो।